# अपाङ्गता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँचसम्बन्धी काठमाडौं घोषणापत्र

# २०२४



यो घोषणापत्र, सन् २०२४ मे ११ र १२ मा काठमाडौँ, नेपालमा आयोजित अपाङ्गता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँचसम्बन्धी एशिया क्षेत्रीय कार्यशालामा भएको छलफलको आधारमा तयार गरिएको हो ।

यस क्षेत्रीय कार्यशालामा भाग लिई घोषणापत्र निर्माणमा सहयोगी छलफलमा सक्रिय रूपमा योगदान गर्ने सबैप्रति हामी आभारी छौं ।

आयोजकहरु

# अपांगता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँचसम्बन्धी काठमाडौं घोषणापत्र

एसिया क्षेत्रका विभिन्न १३ वटा देशका[१] अपांगता भएका व्यक्ति, कानुनी विशेषज्ञ तथा न्याय क्षेत्रका व्यक्तिहरूको सहभागिता भएको २०२४ मई ११ र १२ मा आयोजित "अपांगता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँच" विषयक एसिया क्षेत्रस्तरीय कार्याशालाका हामी सहभागीहरू मुख्यतः अपांगता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी) र सीआरपीडी समितिका न्यायिक निर्णयहरू वा विधिशास्त्रमा आधारित अन्तर्राष्ट्रिय कानुन तथा मापदण्डहरूको स्मरण गर्दछौँ, जसको उद्देश्य अपांगता भएका सबै व्यक्तिहरूले मानवअधिकारको समान रूपमा उपभोग गर्न पाऊन् भन्ने सुनिश्चित गर्नु रहेको छ ।

हामी महासन्धि र अन्तर्राष्ट्रिय कानुन अन्तर्गत संरक्षित निम्न अधिकारहरूप्रति ध्यानाकर्षण गराउँदछौं – गैरभेदभाव; सार्वजनिक स्थल लगायतका क्षेत्रमा पहुँच; कानुनका नजरमा समान मान्यता; न्यायमा पहुँच; स्वतन्त्रता र सुरक्षा; यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता; शोषण, हिंसा तथा दुर्व्यवहारबाट मुक्ति; र स्वतन्त्र रूपमा बाँच्ने र समुदायमा समावेश हुन पाउने अधिकारहरू । राज्यहरूले अपांगता भएका व्यक्तिहरूका अधिकारहरूको सम्मान गर्ने, संरक्षण गर्ने र पूरा गर्ने दायित्व वहन गर्नु पपर्दछ र व्यावसायिक प्रतिष्ठानहरूमा पनि त्यस्तै खालका जिम्मेवारीहरू वहन गर्नुपर्ने जिम्मेवारी रहेको हुन्छ ।

हामी अपांगता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी समिति[२] र अपांगता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकद्वारा[३] तयार पारिएका निर्देशिकाहरूको महत्वलाई पुष्टि गर्दछौँ, जसमा स्वतन्त्रताको वञ्चितीकरण, संस्थागत देखभालबाट विच्छेदन र न्यायमा पहुँच लगायतका विषयहरू समेटिएका छन् ।

हामी एसिया-प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोगद्वारा एसिया-प्रशान्त क्षेत्रमा बस्ने अपांगता भएका व्यक्तिहरूको दशक (२०२३-२०३२)[४] सम्बन्धी जकार्ता घोषणापत्रमा गरिएका महत्वपूर्ण प्रतिबद्धताहरूलाई पनि आत्मसात गर्दछौँ, जसमा सो क्षेत्रका

राष्ट्रहरूले *“अपांगता भएका व्यक्तिहरूका अधिकार सम्बन्धी महासन्धिसँग राष्ट्रिय कानुनलाई अनुकूल बनाउने”* प्रतिबद्धता जनाएका छन् । उनीहरूले *“राष्ट्रिय तथा स्थानीय कानुनको आवश्यकता अनुसार व्यापक र नियमित समीक्षा गर्न”* तथा *“सम्बन्धित मन्त्रालय र सबै तहका सरकारहरूलाई महासन्धिको कार्यान्वियन सम्बन्धी मार्गदर्शन प्रदान गर्न; कानुनको कार्यान्वियनमा संलग्न सबै कर्मचारीलाई तालिम उपलब्ध गराउन; राष्ट्रिय नीति, कार्यक्रम तथा बजेटहरूमा मनासिब समायोजनको प्रावधानलाई समावेश गर्न र महासन्धि कार्यान्वियनको प्रवर्द्धन, सुरक्षा तथा अनुगमन गर्न उपयुक्त भए अनुसार ढाँचाहरू (फ्रेमवर्क)को विकास तथा तिनलाई सुदृढ गर्न”* पनि प्रतिबद्धता जनाएका छन् ।

हामी आवधिक समीक्षा पश्चात् सीआरपीडीका दायित्वहरूलाई[५] हाम्रा आफ्ना देशहरूले कतिको पूरा गर्न वा सम्पादन गर्न सकेका छन् भन्ने मूल्याङ्कनका आधारमा सीआरपीडी समितिले ती दायित्वहरूलाई कार्यान्वयन गर्न हामीलाई गरेका सिफारिसहरूलाई समयसीमाबद्ध कार्य योजनाहरू बनाउने लगायतका कार्यमार्फत् सीआरपीडीको तीब्र कार्यान्वयनको महत्वमाथि जोड दिनुका साथै त्यसको पुष्टि गर्दछौँ।

हामी सीआरपीडीलाई बुझाउनु पर्ने प्रतिवेदनहरू अझै नबुझाएका वा त्यस्तो दायित्व पूरा नगरेका राज्यहरूलाई तत्काल सो गर्न र सीआरपीडी समितिका सिफारिसहरूद्वारा निर्देशित हुन[६] उनीहरूलाई आग्रह गर्दछौँ ।

## क. प्रणालीगत असफलताहरू

हामीले कार्यशालाका क्रममा अपांगता भएका व्यक्तिहरूका लागि न्यायमा प्रभावकारी पहुँचलाई अवरुद्ध गर्ने सामान्य कानुनी वा व्यावहारिक अवरोधहरूको पहिचान गर्नुका साथै सर्वाधिक उत्तम अभ्यासहरूबारे जानकारी आदानप्रदान गऱ्यौँ । यी असफलताहरू प्रायः यति धेरै हुन्छन् कि तिनले अपांगता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने कार्यमा प्रणालीगत असफलताहरूको रूपमा प्रतिनिधित्व गर्दछन् ।

हामी निरन्तर व्यापक रूपमा प्रचलनमा रहेको अपांगताप्रतिको चिकित्सकीय वा कल्यणकारी/च्यारिटी मोडेल र दृष्टिकोणको निन्दा गर्दछौँ । कानुन, कानुनी प्रणाली र न्यायसँग सम्बन्धित व्यक्तिहरूले अझै पनि अपांगतालाई अशक्ततामा केन्द्रित चिकित्सकीय दृष्टिकोणबाट अनुपयुक्त ढंगले बुझ्ने गरेका छन्, जसले गर्दा अपांगतालाई एक दोष वा बिमारको रूपमा लिइने गरेको, समस्या अपांगता भएका व्यक्तिहरूभित्रै पाइने गरेको र अपांगता भएका व्यक्तिहरूलाई केवल सेवा वा हेरचाहका निष्क्रिय प्राप्तकर्ताको रूपमा मानिने गरेको पाइन्छ ।

हामी अपांगता भएका व्यक्तिहरूप्रति जारी कलङ्क तथा व्यापक भेदभाव, र उनीहरूलाई समान संरक्षणको अधिकार प्रदान गर्नमा भएको असफलताको भर्त्सना गर्दछौँ । यस्तो विभेद तथा विफलता अपांगता भएका सबै व्यक्तिहरू विरुद्ध, तिनले न्याय प्रणालीहरूसँग गर्ने अन्तरक्रिया वा संलग्नतामा समेत, आम रूपमा रहेको छ । यस्ता दृष्टिकोणहरू अपमानजनक र निषेधकारी छन् । तिनले अपांगता भएका व्यक्तिहरूको अन्य व्यक्तिहरूसँग समान आधारमा गरिने पूर्ण र प्रभावकारी सहभागितामा बाधा पुऱ्याउँ छन् । केही अपांगता भएका व्यक्तिहरूले अझै पनि कानुनी प्रणालीभित्र आफूलाई व्यक्तिको रूपमा मान्यता पाउन कठिन वा अझ भनौं असम्भव चुनौतिहरूको सामना गर्नु परेको छ । कानुन, प्रशासनिक नियम, विनियम र नीतिहरूमा बौद्धिक र/वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरू विरुद्ध “पागल”, “मानसिक असन्तुलन भएको” “मन्द बुद्धि भएको” जस्ता अपमानजनक र भेदभावपूर्ण भाषाको प्रयोग निरन्तर रूपमा भएको पाइन्छ । यस्ता पदावलीहरू अपांगता भएका व्यक्तिहरूविरुद्ध लगाइएका लाञ्छना वा कलङ्कको सुस्पष्ट अभिव्यक्ति हुन् ।

हामी अपांगता भएका व्यक्तिहरूको कानुनी क्षमतालाई पूर्ण रूपमा मान्यता दिन राज्यहरू विफल भएकोमा त्यसको निन्दा गर्दछौँ । यो समस्या खासगरी बौद्धिक र/वा मनोोसामाजिक अपांगता भएका व्यक्तिहरूका सम्बन्धमा गम्भीर रूपमा रहेको छ । न्यायिक अधिकारीहरूद्वारा निरन्तर कार्यान्वयन र पालना गरिएका कानुनहरूले आम रूपमा आवश्यक ठानेको कानुनी क्षमताको अस्वीकृतिले स्वायत्तताको उपभोग, कानुनी प्रक्रिया र कार्यविधिमा सहभागिताका साथै मानवअधिकारको उपभोगमा बाधा पुऱ्याउँछ । “अभिभावक” वा

अन्य व्यक्तिहरूलाई अपांगता भएका व्यक्तिका तर्फबाट निर्णय गर्न दिनु सामान्य भएको छ । तर, यसले अपांगता भएका व्यक्तिहरूलाई समान आधारमा आफ्ना चाहना तथा इच्छाहरू अभिव्यक्त गर्न सक्ने बनाउन निर्णय प्रक्रियामा सघाउ पुऱ्याउनुको सट्टा "प्रतिस्थापित निर्णय प्रक्रिया"का विभिन्न रूपहरूलाई बलियो बनाउँछ ।

हामी अपांगता भएका व्यक्तिहरूलाई कानुनी प्रक्रिया र कार्यविधिहरूमा हुने पूर्ण र प्रभावकारी सहभागिताबाट निरन्तर विमुख गराउने कार्यको भर्त्सना गर्दछौँ । थुप्रै कानुनी प्रक्रिया तथा कार्यविधिहरू अपांगता भएका व्यक्तिहरूका निम्ति निषेधकारी रहेका छन् र यो केही हदसम्म त्यस्ता व्यक्तिहरूको पूर्ण तथा समान सहभागितालाई सहज बनाउन आवश्यक सहयोग र समायोजन उपलब्ध गराउन भएको आम विफलताले गर्दा भएको हो । "बहस गर्न सक्ने" र "मुद्दा खेप्न सक्ने" अवस्थाको निर्धारण गर्ने कानुनहरू सामान्यतः न्याय सम्पादन प्रक्रियामा लागु गरिएका हुन्छन् । तर, बौद्धिक र/वा मनोसामाजिक अपांगता भएका वा विभिन्न प्रकारका अपांगता भएका व्यक्तिहरू र बहिरा तथा दृष्टिविहीन जस्ता अन्य अल्पप्रतिनिधित्व भएका समूहलाई विभेदपूर्ण आधारमा कानुनी प्रक्रिया र कार्यविधिहरूमा सहभागी हुनबाट वञ्चित गरेर कहिलेकाहीँ कानुनी क्षमता र मानसिक क्षमतालाई एकै ठाउँमा राखी मिसमास गरिन्छ जसले गर्दा दुवै एकै हो कि भन्ने भ्रम पैदा हुन सक्छ ।

हामी भेदभावपूर्ण मानसिक स्वास्थ्यसम्बन्धी कानुनहरूको निरन्तर प्रयोगको निन्दा गर्दछौँ । अपांगता भएका व्यक्तिका अधिकारहरूको संरक्षणको दावी गर्ने यस्ता कानुनहरू अझै पनि एक चिकित्सकीय दृष्टिकोणमा आधारित छन्, जसले बौद्धिक र/वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरूको निर्णय गर्ने स्वतन्त्रतालाई खोस्नुका साथै उनीहरूको इच्छा र स्वतन्त्र तथा सूचित सहमतिबेगर जबर्जस्ती गरिने चिकित्सकीय उपचार र संस्थाकरणलाई अनुमति दिन्छ । यी कानुनले अपांगता भएका व्यक्तिहरूलाई सहयोग पुऱ्याउने भन्दा अन्ततः हानि गर्ने उस्तै चिकित्सकीय दृष्टिकोणमा आधारित मानसिक स्वास्थ्य सम्बन्धी संस्थाहरूको पनि स्थापना गर्दछन् ।

हामी अपांगता भएका व्यक्तिहरूको संस्थागत देखभालबाट मुक्तिको दिशातर्फ राज्यहरूले ठोस कदम नचालेकोमा त्यसको पनि निन्दा गर्दछौँ। राज्यहरू संस्थागत देखभालबाट मुक्तिका योजनाहरूको विकास गर्ने उपायहरू अपनाउन विफल भएका छन् र संस्थागत देखभाल प्रचलित अभ्यासको रूपमा जारी छ। सरकारले प्रायःजसो हेरचाह गृह, कल्याण गृह र होस्टेल जस्ता संस्थाहरूलाई अपांगता भएका व्यक्तिहरूका निम्ति कारागार, "मानसिक आश्रय केन्द्र" तथा "मानसिक अस्पतालहरू"को राम्रो विकल्पको रूपमा प्रस्तुत गर्ने गर्दछन्। अपांगतामा आधारित संस्थागत हेरचाहलाई त्यस्ता व्यक्तिहरू वा समग्र समाजलाई "खतरनाक व्यक्तिहरू"बाट जोगाउने दाबी गर्ने कानुन तथा नीतिहरूले न्यायोचित ठहऱ्याउन सक्दैनन्। यस्ता कानुन तथा नीतिहरू भेदभावपूर्ण छन् र अपांगता भएका व्यक्तिका मानवअधिकारहरूको तिनले अवमूल्यन गरिरहेका छन्।

हामी "मानसिक स्वास्थ्य" संस्थाहरूमा प्रायः देखिने अत्यन्त दयनीय अवस्थाको निन्दा गर्दछौँ, जहाँ ठूलो सङ्ख्यामा अपांगता भएका व्यक्तिहरूलाई लामो, प्रायः अनिश्चित, अवधिसम्म अत्यन्तै खराब अवस्थामा राख्ने गरिएको छ। यस्तो अवस्थाको निरन्तरताले यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारमाथि लगाइएको प्रतिबन्धको उल्लङ्घन गर्दछ। यस्ता संस्थाहरूमा सामान्यतः आफ्ना दैनन्दिन कार्य तथा निर्णयहरूमा नियन्त्रणको अभाव; के खाना खाने, कोसँग बस्ने, र कहिले खाने र सुत्ने जस्ता कार्यमा छनौटको अभाव; शोषण र हिंसाका घटनाहरू; शारीरिक तथा यौन दुर्व्यवहार; जबर्जस्ती गरिने उपचार; जबर्जस्ती बन्ध्याकरण; शौचालय लगायत भौतिक पूर्वाधारहरूको अभाव वा त्यसमा पहुँच नहुनु; र संस्थाहरूमा भीडभाड लगायतका अवस्थाहरू पाइन्छ। साङ्लाले बाँधेर राख्ने, बिजुलीको झड्का दिएर गरिने उपचार पद्धति र जबर्जस्ती गरिने औषधोपचार जस्ता यातनादायी अभ्यासहरू अझै पनि कतिपय मुलुकहरूमा गर्ने गरिन्छ।

हामी अपांगता भएका व्यक्तिहरूको न्यायमा पहुँच सुनिश्चित गर्न पर्याप्त हस्तक्षेप गर्न न्यायसम्बद्ध अधिकारीहरू बारम्बार असफल भएकोतर्फ ध्यानाकर्षण गराउँदछौँ। न्यायपालिकाहरूले त्यस्ता व्यक्तिहरूको अदालती प्रक्रियामा हुनुपर्ने पहुँचलाई सुनिश्चित गर्न सीमित

र असङ्गत कदमहरू मात्र चालेका छन् । जहाँ यस्ता हस्तक्षेपहरू भएका छन् ती पनि प्रायः सीमित छन्; जस्तै, न्याम्पहरूको निर्माण गर्ने, अदालती कक्षमा हुने भौतिक पहुँच वा साङ्केतिक भाषा अनुवादको व्यवस्थालाई सुनिश्चित गर्ने, वा अनुरोध भई आएमा अदालती कागजातहरूको ब्रेल संस्करणमा पहुँचको व्यवस्था गर्ने । यद्यपि, मनोसामाजिक र/वा बौद्धिक अपांगता भएका व्यक्तिहरू–जसलाई प्रायः गलत रूपमा समान सहभागिताका लागि अक्षम हुन्छन् भनेर मानिन्छ–लाई यस्ता सुविधाहरू प्रदान गरिने सम्भावना धेरै कम छ । अझ भनौँ, अपांगता भएका व्यक्तिहरूले भोग्ने तगाराहरू कानुनी प्रक्रियाको प्रारम्भिक चरणबाटै सुरु हुन्छन् र अदालतमा उपलब्ध हुन सक्ने सुविधाहरू प्रायः पुलिस चौकीहरूमा उपलब्ध हुँदैनन् वा प्रहरी र अदालतका अन्य अधिकारीहरूद्वारा उपलब्ध गराइँदैन ।

हामी अपांगता भएका व्यक्तिहरू आफ्नो अधिकारको सुरक्षा गर्न कानुनी कदम चाल्न हिच्किचाउँछन् भन्ने कुरालाई स्वीकार गर्दछौँ । अपांगता भएका व्यक्तिहरू कानुनी कदम चाल्न किन हिच्किचाउँछन् र किन उनीहरूलाई सो गर्नबाट प्रायः हतोत्साहित गरिन्छ भन्ने कुराका पछाडि विभिन्न कारणहरू छन् । पहिलो, थुप्रै संस्कृति वा उपसंस्कृतिहरूमा "पारिवारिक इज्जत" जोगाउनुपर्ने कुराको महत्व अझै कायमै छ र यसले देवानी वा फौजदारी कानुनसमेत आकर्षित गर्न सक्ने विषयहरू परिवार वा समुदायभित्रै मिलेर समाधान गर्ने इच्छामा मद्दत पुऱ्याउँछ । यस सन्दर्भमा, अपांगता भएका वा नभएका व्यक्तिहरू कानुनी बाटोलाई कुनै पनि द्वन्द्व वा विवादको पहिलो समाधानको रूपमा लिँदैनन् र अदालत जस्ता सार्वजनिक स्थलहरूमा कानुनी कारबाही गरेर आफ्ना पारिवारिक मुद्दा वा विषयहरूलाई सार्वजनिक गर्नबाट बच्न सामाजिक दवाव महसुस पनि गर्न सक्छन् । दोस्रो, अपांगता भएका थुप्रै व्यक्तिलाई कानुनी प्रक्रियाबारे कमै जानकारी हुन्छ र यस्ता प्रक्रियाहरू प्रायः अपांगता भएका व्यक्तिहरू लगायत सर्वसाधारणका निम्ति पहुँचयोग्य र/वा बुझ्न सकिने खालका हुँदैनन् । तेस्रो, प्रायः कानुनी सेवामा मानिसहरूको पहुँच त्यसै पनि कम हुन्छ र कानुनी प्रक्रिया र वकिलहरू अपांगता भएका अधिकांश व्यक्तिका लागि नभएपनि थुप्रैका लागि महंगा र पहुँचबाहिर हुन्छन् । चौथो, केही अपांगता भएका व्यक्तिहरू आफूलाई कानुनी प्रक्रियामा पहुँच नभएको र यस्ता प्रक्रियामा जाँदा वकिल, न्यायाधीश र पुलिस अधिकारी जस्ता न्यायकर्मीहरूबाट आउने लाञ्छना र भेदभावको सम्भावनाबारे जानकार छन् ।

हामी अपांगता भएका व्यक्तिहरू विरुद्ध गरिने फौजदारी कानुनको अत्यधिक प्रयोगको निन्दा गर्दछौँ । यस्ता व्यक्तिहरू, विशेषतः बौद्धिक र/वा मनोसामाजिक अपांगता भएकाहरू, लाई प्रहरीले फौजदारी दायित्व सम्बन्धी कानुन प्रयोग गरेर निशाना बनााएको हुन्छ । उनीहरूलाई सार्वजनिक स्थानमा उपस्थित भएकोमा मात्रै पनि वा त्यस्ता ठाउँमा बसोबास गरेको वा जीविकोपार्जन गर्ने प्रयत्न गरेकोमै पनि अपराधको आरोप लगाइन्छ ।

## ख. सिफारिसहरू

सीआरपीडीमा व्यवस्था भएअनुसार अपांगता भएका व्यक्तिका सबै अधिकारलाई पूर्ण रूपमा साकार पार्ने दृढ अठोटमा हाम्रो विचारलाई आधारित गराउँदै, हामीले एसियामा अपांगता भएका व्यक्तिहरूको न्यायमा पहुँचलाई अभिवृद्धि गर्न आवश्यक प्रमुख कानुनी तथा नीतिगत सुधारहरूको पहिचान गरेका छौँ । हामी, देहायका कार्यमार्फत्, राज्यहरूलाई अपांगता भएका व्यक्तिहरूका अधिकारलाई सम्मान तथा सुनिश्चित गर्न सीआरपीडी अन्तर्गत लगायतका दायित्वहरूको पालना गर्न सबै आवश्यक उपायहरू अपनाउन आह्वान गर्दछौँ :

१. **सीआरपीडी महासन्धिलाई अत्यधिक प्रभावकारी बनाउने कार्य गर्ने ।** यसमा देहायका कुरा पर्दछन् :

क. सीआरपीडीको अनुमोदन वा सम्मिलनका क्रममा गरिएका शर्तहरूलाई फिर्ता लिने[७],

ख. सीआरपीडी महासन्धिको ऐच्छिक प्रोटोकलमा पक्ष बन्ने[८],

ग. सीआरपीडी समितिलाई समयमै र आवधिक रूपमा प्रतिवेदन गर्ने,

घ. सीआरपीडी समितिले गरेका सिफारिसहरू कार्यान्वयन गर्ने,

ङ. सीआरपीडी समिति र अपांगता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिवेदकद्वारा जारी गरिएका मार्गनिर्देशनमा सिफारिस गरिएका उपायहरू अवलम्बन गर्ने,

च. अनुकूल भएको अवस्थामा सीआरपीडीका दायित्वहरूको पालनालाई सहज बनाउन अन्तर्राष्ट्रिय सहकार्य र सहायताका लागि अनुरोध गर्ने र त्यसलाई स्वीकार्ने ।

२. **अपांगताप्रति मानवअधिकारको दृष्टिकोण अवलम्बन गर्ने ।** यसमा देहायका कुराहरू पर्दछन् :

क. अपांगता भएका व्यक्तिहरूका लागि राज्यको समग्र दृष्टिकोण सीआरपीडीको पालना सुनिश्चित गर्ने उद्देश्यले कानुन, नीति र अभ्यासहरूको व्यापक समीक्षा गर्ने,

ख. सीआरपीडीसँग अनुकूल हुनेगरी न्याय सम्पादन सम्बन्धी जारी कानुन तथा नीतिहरूका साथै न्याय प्रणालीको समीक्षा र सुधार गर्ने,

ग. सीआरपीडीलाई स्थानीयकरण गर्न कानुन र नीतिहरू अवलम्बन गर्ने वा सीआरपीडी अनुकूल हुनेगरी विद्यमान कानुन तथा नीतिहरूको समीक्षा र संशोधन गर्ने,

घ. घरेलु कानुनहरूमा अपांगताको परिभाषा परिमार्जन गरी तिनलाई सीआरपीडीमा दिइएको परिभाषासँग मेल खाने बनाउने र ती परिभाषामा व्यक्तिको शारीरिक वा मानसिक अशक्तता सम्बन्धी धारणा र/वा अपांगताको गम्भीरता वा कुन तहको अपांगता छ भन्ने कुरा हटाउने । यस्ता परिभाषाहरू :

१. सीआरपीडीले उपलब्ध गराएको अपांगताको परिभाषासँग संगतपूर्ण हुनुपर्छ,

२. अपांगताका बारेमा विशिष्ट गलत धारणा भएका साँस्कृतिक वा धार्मिक विश्वासहरूको  ख्याल गर्नुका साथै तिनको प्रतिकार पनि गर्दै स्थानीय सन्दर्भमा आधारित हुनुपर्दछ ।

३. बौद्धिक र/वा मनोसामाजिक अपागंता भएका व्यक्तिहरूलाई विशेष रूपमा आफ्नो कार्यक्षेत्रमा समावेश गर्नु पर्दछ ।

४. सशस्त्र संघर्षको अवस्थाबाट उत्पन्न वा प्रभावित आपांगता भएका व्यक्तिहरूलाई र तिनका विशेष आवश्यकताहरूलाई विशेष रूपमा आफ्नो कार्यक्षेत्रमा समावेश गर्नु पर्दछ ।

ङ. अपांगताको मानवअधिकार मोडेलमाथि जोड दिँदै र अपांगताभएका व्यक्तिहरूका बारेमा भएका भ्रमहरू हटाउँदै त्यस्ता व्यक्तिका अधिकारबारे व्यापक रूपमा देशव्यापी जागरण अभियानहरू सञ्चालन गर्ने ।

**३. अपांगता भएका व्यक्तिहरूको कानुनी क्षमताको अधिकारलाई पूर्ण रूपमा मान्यता दिने ।**

कानुन, नीति तथा अभ्यासहरूको व्यापक समीक्षा गर्ने र तिनले अपांगता भएका व्यक्तिहरूको कानुनी क्षमताको अधिकारको संरक्षण गर्दछन् भन्ने सुनिश्चित गर्ने । यस्ता समीक्षाले कम्तीमा पनि सीआरपीडीको पालनालाई सुनिश्चित गर्न निम्न प्रकारका कानुनहरूको समीक्षा तथा संशोधन र आवश्यक परे खारेज पनि गर्नु पर्दछ :

क. संवैधानिक व्यवस्थाहरू,

ख. देवानी कानुनहरू, खासगरी संरक्षकत्वसँग सम्बन्धित, साथै विवाह र सम्पत्ति तथा वित्तको व्यवस्थापनसँग सम्बन्धित कानुन लगायत अन्य देवानी कानुनहरू पनि,

ग. मानसिक स्वास्थ्य सम्बन्धी कानुनहरू, र

घ. फौजदारी संहिता, फौजदारी कार्यविधि संहिता र प्रमाणसँग सम्बन्धित कानुनहरू

सीआरपीडीसँग अनुकूल बनाउनका निम्ति कुनै पनि कानुन, नीति तथा अभ्यासहरूलाई खारेज गर्ने र/वा संशोधन गर्ने जसलेः

क. जुनसुकै सन्दर्भ भएपनि प्रतिस्थापित निर्णय प्रक्रियालाई आवश्यक ठान्छ वा त्यसलाई अनुमति दिन्छ,

ख. अपांगता भएका व्यक्तिहरूको कानुनी क्षमताको गैर-व्यक्तिगत मूल्याङ्कनलाई आवश्यक ठान्छ वा त्यसलाई अनुमति दिन्छ,

ग. अपांगता भएका व्यक्तिहरूको मानसिक क्षमताका आधारमा मात्र उनीहरूसँग कानुनी क्षमता भए नभएको निर्धारण गर्ने मूल्याङ्कन विधिहरू तोक्दछ, र

घ. मनोसामाजिक र/वा बौद्धिक अपांगता भएका व्यक्तिहरूलाई उनीहरूको स्वतन्त्र तथा सूचित सहमतिबेगर संस्थाहरूमा प्रवेश गर्न वा रहन वा उपचार प्राप्त गर्न बाध्य वा जबर्जस्ती गर्दछ ।

**४. देहायका प्रयोजनका लागि तत्काल उपायहरू अपनाएर समेत अपांगता भएका व्यक्तिहरूको संस्थाकरणलाई अन्त्य गर्ने :**

क. संस्थाकरणलाई यातना र अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट स्वतन्त्रताको उल्लङ्घन–जसको परिणाम स्वरूप सीआरपीडी अन्तर्गत संरक्षित थुप्रै अधिकारहरूको उल्लङ्घन हुन जान्छ–को रूपमा स्वीकार गर्न,

ख. संस्थामा रहेका व्यक्तिहरूलाई आफू बसेको ठाउँ छाडेर बाहिर जाने अवसर प्रदान गर्न,

ग. अपांगताको आधारमा संस्थाहरूमा हुने नयाँ भर्नालाई अस्थायी प्रतिबन्ध लगाउन,

घ. अपांगता भएका व्यक्तिहरूलाई जबर्जस्ती संस्थामा राख्ने उद्देश्यले नयाँ संस्थाहरूको निर्माण वा हालको पूर्वाधार विस्तारमा रोक लगाउन,

ङ. अपांगता भएका व्यक्तिहरूसँगको परामर्शमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्राथमिकताहरू समेटिएको संस्थाकरणबाट मुक्त पार्ने योजनाको तर्जुमा र कार्यान्वियनका साथै सामुदायिक सहायता सेवा उपलब्ध गराउने र सामुदायिक सहायता प्रणालीलाई सबल पार्ने योजनाहरू बनाउन,

च. अपांगता भएका व्यक्तिहरूको पूर्ण सहभागितामा न्यायसम्बद्ध व्यक्तिहरू, नीति-निर्माता, विशेषज्ञ चिकित्सकहरू र सर्वसाधारणका लागि सीआरपीडी र त्यस्ता व्यक्तिहरूलाई संस्थाबाट मुक्त गर्ने सम्बन्धमा सीआरपीडी समितिका मार्गनिर्देशनबारे जागरण कार्यक्रमहरू तर्जुमा गरी तिनको कार्यान्वयन गर्न, र

छ. संस्थाकरणका पीडितहरूलाई प्रभावकारी न्यायिक उपचार र परिपुरणका साथै अन्य क्षतिपूर्तिका उपायहरूमा पहुँचका लागि उपयुक्त संयन्त्रहरू उपलब्ध गराउन ।

**५. अपांगता भएका व्यक्तिहरूका लागि सामुदायिक सहायता प्रणाली र सहायता सेवाहरू निम्नलगायतका कार्यमार्फत् विकास र सुदृढ गर्ने :**

क. अपांगता भएका व्यक्तिहरूका लागि समुदायमा आधारित सेवाहरूको पूर्ण प्याकेजको व्यवस्थाका निम्ति नीति र समयसीमा सहितको योजना तर्जुमा गरेर,

ख. अपांगता भएका व्यक्तिहरूलाई संस्थाहरूबाट बाहिर ल्याउन र उनीहरूलाई स्वतन्त्र रूपमा आफ्ना समुदायमा बस्न सक्ने तुल्याउन समुदायमा आधारित सेवाहरूका निम्ति स्रोत व्यवस्थापन गर्न तथा सहायता प्रणालीलाई मजबुत बनाउन

बजेटलाई पुनःनिर्देशित गरेर, युक्तिसंगत बनाएर वा अन्य किसिमले तर्जुमा गरेर । स्रोतहरूको व्यवस्थापन सम्बन्धी यस्ता योजनाहरूले :

१. वित्तीय, मानवीय, प्राविधिक, भूमि र अन्य स्रोतहरूको सम्पूर्ण दायरामाथि विचार गर्नुपर्दछ, र

२. यस्ता सेवाहरूका लागि स्रोतहरूको क्रमशः आपूर्ति बढाउन राज्यहरूलाई प्रतिबद्ध गराउनु पर्दछ ।

ग. सामुदायिक सहायता प्रणालीहरू[१] अपांगता भएका सबै व्यक्तिहरूलाई तिनका आआफ्ना समुदायमा उपलब्ध र पहुँचयोग्य बनाउने सुनिश्चित गरेर,

घ. बौद्धिक र/वा मनोसामाजिक अपांगता भएका व्यक्तिहरूलाई समुदायमा आधारित स्वास्थ्य सेवाहरू पहुँचयोग्य बनाएर,

ङ. आवास, सामाजिक सुरक्षा, शिक्षा तथा कामका अवसर जस्ता सम्पूर्ण अन्य आधारभूत सेवाहरू अपांगता भएका व्यक्तिहरूका निम्ति उपलब्ध र पहुँचयोग्य होओन् भन्ने सुनिश्चित गरेर,

च. अपांगता भएका व्यक्तिहरूलाई विशिष्टीकृत सेवाहरू, सहायक उपकरण, सहयोगी व्यक्तिहरू र सहयोग सञ्जाल उपलब्ध गराउने,

छ. आश्रयस्थल, परामर्श सेवा, सामाजिक कार्यकर्ता र द्वन्द्व मध्यस्थता सम्बन्धी सेवा जस्ता सामान्य रूपमा उपलब्ध सम्पुर्ण सेवाहरू अपांगता भएका व्यक्तिहरूलाई उपलब्ध र पहुँचयोग्य बनाएर, र

ज. सामुदायिक स्तरमा यस्ता सहायता प्रणालीहरूको विकासमा अपांगता भएका व्यक्तिहरूको संलग्नता सुनिश्चित गरेर ।

६. **स्वास्थ्य सेवा प्रणालीमा सुधार :** राज्यहरूले देहायका कुराहरू सद्रनिश्चित गर्ने उद्देश्यले आफ्ना स्वास्थ्य सेवा प्रणालीहरूको समीक्षा र सुधार गर्नुपर्दछ :

क. मनोसामाजिक अपांगता लगायतका अपांगता भएका व्यक्तिहरूसँगको पूर्ण परामर्शमा मानसिक स्वास्थ्य सम्बन्धी कानुन र नीतिहरूलाई सीआरपीडीको पालना हुनेगरी समीक्षा, संशोधन वा खारेजी हुनुपर्ने,

ख. मनोसामाजिक अपांगता र मानसिक स्वास्थ्य समस्याको सही बुझाइले स्वास्थ्य प्रणाली, स्वास्थ्य कार्यकर्ता र पेशाकर्मीहरूले गर्ने निर्णयहरूलाई मार्गदर्शन प्रदान गर्नेछ,

ग. विभिन्न प्रकारका सामुदायिक स्वास्थ्य सेवाहरू उपलब्ध हुनुपर्ने, स्वास्थ्य पेशाकर्मीहरूले तिनलाई बुझेको हुनुपर्ने र स्वास्थ्य सेवा प्रणालीबारे त्यसका प्रयोगकर्ताहरूलाई पूर्ण तथा सही जानकारी प्रदान गर्नुपर्ने,

घ. बौद्धिक र/वा मनोसामाजिक अपांगता भएको कुनै व्यक्तिले आफ्नो स्वास्थ्य सेवा सम्बन्धी गर्ने सम्पूर्ण निर्णयहरूको मूलमा सूचित सहमति, छनौटको उपलब्धता र निजका इच्छा तथा चाहनाहरूको सम्मान रहेको हुन्छ भन्ने बुझिन्छ। यसरी सहयोग लिएर गरिएको निर्णय प्रक्रिया (सपोर्टेड)ले प्रतिस्थापित (सब्सिच्युटेड) निर्णय प्रक्रियाको स्थान लिन्छ।

ङ. स्वास्थ्य पेशाकर्मीहरूले सिफारिस गर्ने वा दबाब दिएर वा जबर्जस्ती गर्ने बन्ध्याकरण वा गर्भनिरोधको अभ्यासलाई सक्रिय रूपमा विरोध गर्न र त्यसलाई बन्द गर्न उपायहरू अपनाउनु पर्दछ,

च. मनोसामाजिक अपांगता र त्यस्तो अपांगता भएका व्यक्तिका अधिकारहरूबारे तालिमप्राप्त विशिष्टीकृत स्वास्थ्य तथा अन्य पेशाकर्मीहरूको उपलब्धता प्रत्येक समुदायमा हुनु पर्दछ, र

छ. अन्य व्यक्तिहरूलाई सामान्य रूपमा उपलब्ध हुने स्वास्थ्य सेवा, सुविधा र उत्पादनहरू अपांगता भएका व्यक्तिहरूलाई पनि उपलब्ध हुनु पर्दछ।

**७. न्यायको पहुँचमा रहेका अवरोधहरू हटाउने जसमा निम्न उद्देश्यहरू भएका प्रक्रियागत समायोजनहरू समेत हुनेछन् :**

क. कुनै व्यक्तिको न्याय प्रणालीसँगको अन्तरक्रियाको सुरुवातमै निजको अपांगताको पहिचान सुनिश्चित गर्ने । यस्तो पहिचान सम्बन्धित व्यक्तिले दिएको जानकारीमा आधारित हुनु पर्दछ,

ख. सम्पूर्ण न्याय प्रक्रियाका सबै चरणहरूमा अपांगता भएका व्यक्तिहरूलाई निःशुल्क र प्रभावकारी कानुनी सहायताको पहुँच सुनिश्चित गर्ने,

ग. सबै न्यायकर्मीहरूद्वारा एउटा समग्र दृष्टिकोण अवलम्बन गर्ने जसले प्रतिस्थापित निर्णय प्रक्रियालाई निषेध तथा अस्वीकार गर्नुका साथै अरूको सहयोग लिएर गरिने निर्णय प्रक्रियालाई समर्थन र अभिव्यक्त गर्दछ । यस्तो दृष्टिकोणमा न्याय मध्यस्थकर्ता, सहजकर्ता र दोभाषेहरू जस्ता सहयोग गर्ने व्यक्तिहरूसम्म पहुँच सुनिश्चित गर्न स्रोतहरूको व्यवस्था लगायतका विषय पर्दछन् ।

घ. कानुनी प्रक्रियाको क्रममा अपांगता भएका व्यक्तिहरूसँगको परामर्शमा उनीहरूका लागि प्रक्रियागत समायोजनको पहिचान र व्यवस्था गर्न पूर्ण रूपमा साधनस्रोतयुक्त प्रणालीको स्थापना गर्ने,

ङ. कानुनी कारबाहीमा सहभागीहरूलाई उपलब्ध गराइएका सम्पूर्ण कागजात अपांगता भएका सबै व्यक्तिहरूलाई उपलब्ध र पहुँचयोग्य बनाउने कुराको सुनिश्चित गर्ने,

च. विशेषतः अपांगता भएका व्यक्तिहरू विरुद्धका यौन तथा लैंगिक हिंसासम्बन्धी घटनाहरूको प्रतिवेदनसँग सम्बन्धित प्रक्रियाहरू उनीहरूका निम्ति पूर्ण रूपमा पहुँचयोग्य बनाउने कुराको सुनिश्चित गर्ने,

छ. प्रक्रियागत समायोजनबाट अस्वीकार गरिएका अपांगता भएका व्यक्तिहरूलाई त्यस्तो समायोजन उपलब्ध हुन नसकेकोमा त्यसविरुद्ध उजुरी गर्न तथा प्रभावकारी न्यायिक उपचार प्राप्त गर्नका लागि पूर्ण रूपमा पहुँचयोग्य उजुरी संयन्त्र स्थापना गर्ने, र

ज. सम्पूर्ण न्यायकर्मीहरूलाई अपांगता सम्बन्धी मुद्दाहरूप्रति संवेदनशील बनाउन र अपांगता भएका व्यक्तिहरूका निम्ति न्यायमा पहुँचसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी मापदण्डहरू र प्रक्रियागत समायोजनबारे तिनलाई जानकारी गराउन निरन्तर तालिम प्रदान गर्ने ।

अपांगता भएका व्यक्तिहरूका लागि न्यायिक पहुँचमा रहेका अवरोधहरू हटाउने कद्रराको सुनिश्चित गर्न, विशेषतः न्यायिक अधिकारीहरूले निम्न लगायतका सबै आवश्यक उपायहरू अपनाउनु आवश्यक छ :

क. अपांगता भएका व्यक्तिहरूसँगको परामर्शमा, प्रक्रियागत समायोजनको व्यवस्था सुनिश्चित गर्ने र कसैको सहयोग लिई गरिने निर्णय प्रक्रियाको अभिवृद्धिमा विशेष जोड दिएर अपांगता भएका व्यक्तिहरूका निम्ति न्यायमा पहुँच सम्बन्धी न्यायिक नियम र मार्गनिर्देशन तर्जुमा, अवलम्बन तथा कार्यान्वयन गर्ने,

ख. न्याय प्रक्रियाको क्रममा पहुँच पाउन आवश्यक पुलिस थाना लगायत सबै अदालती कक्ष, भवन तथा कोठाहरूमा भौतिक पहुँचयोग्यताको मूल्याङ्कन गर्ने तथा अपांगता भएका व्यक्तिहरूको भौतिक पहुँचमा रहेका अवरोधहरू हटाउन समय सीमाबद्ध उपायहरू अपनाउने,

ग. अपांगता भएका व्यक्तिहरूले कानुनी कारबाहीका लागि कदम चाल्न पाउने उनीहरूको अधिकारलाई अन्यायपूर्ण किसिमले अस्वीकार नगरियोस् भन्ने कुरालाई सुनिश्चित गर्न हदम्याद सम्बन्धी नियमहरूको मूल्याङ्कन गर्ने र, आवश्यक भए, संशोधन वा लचिलो तरिकाले लागु गर्ने,

घ. आवश्यक प्रक्रियागत समायोजन लगायत सबै अदालती कारबाहीमा अपांगता भएका व्यक्तिहरूको प्रभावकारी तथा पूर्ण सहभागिताका बारेमा लगायत त्यस्ता व्यक्तिका अधिकार सुरक्षित गर्ने कार्यमा सक्रिय भूमिका खेल्न सक्ने बनाउन न्यायिक अधिकारीहरूलाई सबल बनाउने,

ङ. अपांगता भएका व्यक्तिहरू र/वा अपांगता सम्बन्धी अधिकारहरू संलग्न मुद्दालाई छिटोछरितो ढंगले सल्टाउन र प्राथमिकीकरण गर्न आवश्यक प्रक्रियाहरू अवलम्बन गर्ने,

च. प्रत्येक अदालतमा हेल्प (सहयोग) डेस्क स्थापना गर्ने, जसले अपांगता भएका व्यक्तिहरूलाई अदालती प्रक्रियाको क्रममा उपलब्ध समायोजनहरूको जानकारी प्रदान गर्न सक्छ,

छ. न्यायाधीशहरूलाई अपांगता सम्बन्धी मुद्दाहरूमा संवेदनशील बनाउन र अपांगता भएका व्यक्तिहरूको न्यायसम्मको पहुँच र प्रक्रिया समायोजनका अधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र मापदण्डबारे जानकारी दिन निरन्तर प्रशिक्षण प्रदान गर्ने, र

ज. अपांगता भएका व्यक्तिहरूसँगको परामर्शमा, देवानी तथा फौजदारी कार्यविधि, उदारणका लागि, सँग सम्बन्धित न्यायिक इजलासका विद्यमान पुस्तक वा सन्दर्भ सामग्रीहरूको विकास र/वा संशोधन गर्ने, जसले गर्दा ती पुस्तकहरूले सीआरपीडीको सन्दर्भमा अपांगता भएका व्यक्तिका अधिकारहरूलाई पर्याप्त मात्रामा समेट्न र व्याख्या गर्न सकून् ।

८. **विशेषतः** अपांगता भएका व्यक्तिका अधिकारहरूको उपभोगमा बाधा पुर्‍याउने फौजदारी कानुनका प्रावधानहरू, तल दिएका कानुनहरू लगायत, को पुनर्लेखन, खारेजी तथा संशोधन गर्ने :

क. अपांगता भएका व्यक्तिहरूलाई यौन सम्पर्कको सहमति दिन बन्देज लगाउने कानुनहरू,

ख. प्रजनन् स्वास्थ्य सेवाको पहुँचमा बन्देज लगाउने वा त्यस्ता सेवामा पहुँच प्राप्त गर्न गरिएका प्रयासहरूलाई अपराधीकरण गर्ने कानुनहरू,

ग. भिक्षाटन र सार्वजनिक स्थलमा गरिने क्याम्पिङ, सद्रत्ने, टहरा निर्माण गर्ने, खानपिन गर्ने, कपडा धुने वा नुहाउने, निजी सरसामान राख्ने जस्ता जीवन धान्न गरिने अन्य गतिविधिहरू, होहल्ला गर्ने, सडक, पैदलमार्ग वा सार्वजनिक वा निजी भवनको प्रवेशद्वारमा अवरोध खडा गर्ने जस्ता कार्यलाई अपराधीकरण गर्ने कानुनहरू,

घ. "सार्वजनिक बिज्याइँ", "बेघरको बसाइ", "आवारापन", "बेकम्मापन" जस्ता अन्य नगण्य कसुरहरूलाई अपराधीकरण गर्ने कानुनहरू, र

ङ. यौनपेशालाई अपराधीकरण गर्ने कानुनहरू ।

## ग. कार्यान्वयनका लागि आह्वान

हामी अपांगता भएका व्यक्तिहरूका लागि न्यायमा पहुँचको अभिवृद्धि गर्न सामूहिक प्रयासप्रति हाम्रो प्रतिबद्धता तथा एकताको पुनःपुष्टि गर्दै यो घोषणा गर्दछौँ ।

हामीले पक्षपोषण, प्रशिक्षण, क्षमता अभिवृद्धि र अनुसन्धान लगायतका विभिन्न उपायहरूमा सहयोग गरेर, यस घोषणापत्रमा उल्लेख गरिएका सिफारिसहरूको बृहत्तर कार्यान्वयनप्रति योगदान पुऱ्याउने उद्देश्य राखेका छौँ ।

हामी अझ विस्तृत रूपमा विशेषतः अपांगता भएका व्यक्तिहरू र अपांगता भएका व्यक्तिका सङ्घसंस्थाहरूसँग राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा सहकार्य गर्ने चाहना राख्दछौँ ।

हामी अपांगता भएका व्यक्तिहरूले भोगेका अनुभवहरूबाट निर्देशित हुन र हाम्रा सबै प्रयासहरूमा अपांगता भएका व्यक्तिहरू तथा तिनका प्रतिनिधिमूलक सङ्घसंस्थाको सार्थक सहभागितलाई प्राथमिकता दिन प्रतिबद्ध छौँ ।

हामी वास्तवमै समावेशी समाज र वातावरणको कल्पना गर्दछौँ, जुन अपांगता भएका सबै व्यक्तिहरूको तिनका आफ्ना सम्पूर्ण विविधतामा पूर्ण विकासको सहजीकरणका लागि अनुकूल हुन्छन् ।

हामी राज्यहरूलाई यस घोषणापत्रप्रति ध्यान दिन र आफ्ना कानुनी तथा नीतिगत संरचनाहरूलाई सीआरपीडीको पूर्ण पालनातर्फ अगाडि बढाउन आह्वान गर्दछौँ । न्यायको पहुँचमा रहेका अवरोधहरू लगायत सबै अवरोध र अपांगतामा आधारित विभेदको अन्त्य हुनै पर्दछ ।

[1] Nepal, Bhutan, India, Pakistan, Bangladesh, Sri lanka, Thailand, South Korea, Malaysia, Indonesia, Taiwan, Philippines, Japan.

[2] Guidelines on Deinstitutionalization, including in emergencies (2022),available at: https://www.ohchr.org/en/documents/legal-standards-and-guidelines/crpdc5-guidelines-deinstitutionalization-including; Guidelines on the right to liberty and security of persons with disabilities (2017), available: https://www.ohchr.org/Documents/HRBodies/CRPD/14thsession/GuidelinesOnArticle14.doc

[3] *Principles and Guidelines on Access to Justice for Persons with Disabilities (2020).available https://www.ohchr.org/sites/default/files/Documents/Issues/Disability/SR_Disability/GoodPractices/Access-to-Justice-EN.pdf*

[4] UNESCAP, Jakarta Declaration on the Asian and Pacific Decade of Persons with Disabilities, 2 September 2022, ESCAP/APDDP/2022/L.4, available: https://www.unescap.org/sites/default/d8files/event-documents/B2200897_L4_E.pdf

[5] Thailand (2016): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FTHA%2FCO%2F1&Lang=en Nepal (2017): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FNPL%2FCO%2F1&Lang=en; Philippines (2018): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FPHL%2FCO%2F1&Lang=en; India (2019): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FIND%2FCO%2F1&Lang=en; Bangladesh (2022): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FBGD%2FCO%2F1&Lang=en; South Korea (2014): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FKOR%2FCO%2F1&Lang=en; (2022): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FKOR%2FCO%2F2-3&Lang=en; Indonesia (2022): https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=CRPD%2FC%2FIDN%2FCO%2F1&Lang=en; Japan (2022).

[6] Pakistan (2024): https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/countries.aspx?CountryCode=PAK&Lang=EN; Sri Lanka (2024) : https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/countries.aspx?CountryCode=LKA&Lang=EN; Malaysia (No report submitted); Flourish Australia, "People share their stories of mental health recovery in work and life, Panorama," Disability Rights in Taiwan , (January 2023), available at: https://www.flourishaustralia.org.au/sites/default/files/2022-12/panorama_january_2023.pdf

"As Taiwan is not a UN member state it is unable to report to UN treaty monitoring bodies. Instead, the government has established domestic mechanisms to periodically monitor the implementation of UN human rights treaties. This local mechanism gives the public more opportunities to participate in the review process"

[7] https://treaties.un.org/Pages/ViewDetails.aspx?src=TREATY&mtdsg_no=IV-15&chapter=4&clang=_en.

[8] Bhutan, Malaysia, India, Indonesia, Pakistan, Philippines, Japan and Sri Lanka have all failed to sign or ratify the Optional Protocol.

[9] Examples include: such as neighborhood support systems, simple befriending actions, foster support, neighborhood supports for homeless persons with psychosocial disabilities, group support, peer to peer support, conflict reduction supports.




अपाङ्गता भएका महिलाहरूद्वारा उद्घाटन समारोहको दौरान गरिएको सांस्कृतिक प्रस्तुति



संयुक्त राष्ट्रसंघ, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धित विशेष प्रतिवेदक श्री हेबा हाग्रासबाट कार्यशालाका लागि पूर्व-रेकर्ड गरिएको सन्देश




कार्यशालाको उद्धघाटन सत्रमा मतव्य राख्दै, आईसीजे आयुक्त एवम नेपालका पूर्व-प्रधानन्यायाधीश माननीय कल्याण श्रेष्ठ




न्यायिक संवादको क्रममा एशियाका विभिन्न देशका मानानीय न्यायाधीशहरू


Asia Regional Workshop on Access to Justice for Persons with Disabilities
Strengthening Access to justice persons with disabilities through Legal Reforms and